नेपाल सरकार

# लगानी बोर्डको कार्यालय



## अरूण-३ जलविद्युत आयोजनाका सरोकारवालाहरूसँग गरिएको सार्वजनिक सुनुवाई (कार्तिक २-५, २०७१, संखुवासभा) सम्बन्धी

# प्रतिवेदन


प्रस्तुत
लगानी बोर्डको कार्यालय
नयाँ बानेश्वर, काठमाडौं


अन्तरक्रिया कार्यक्रम









# विषयसुची


| शीर्षक | पेज नं |
| --- | --- |
| पृष्ठभूमि | २ |
| कार्यक्रमको उद्देश्य | ३ |
| अन्तरक्रियाका लागि लक्षित सरोकारवालाहरु | ३ |
| कार्यक्रमको विस्तृत विवरण | ६ |
| क) पहिलो कार्यक्रम (कात्तिक २ गते) | ६ |
| ख) दोस्रो कार्यक्रम (कात्तिक २ गते) | ७ |
| ग) तेस्रो कार्यक्रम (कात्तिक ३ गते) | १० |
| घ) चौंथो कार्यक्रम (कात्तिक ४ गते) | ११ |
| ङ) पत्रकार अन्तरक्रिया (कात्तिक ५ गते) | १४ |
| सरोकारवालाहरुले उठाएका प्रमुख विषयहरु | १५ |
| लगानी बोर्डको कार्यालयबाट सहभागी समूह | १९ |
| अन्य सहभागीहरु | २० |
| टोलीका सुझावहरु | २१ |
| निष्कर्ष | २४ |
| क्लिक क्लिक (तस्वीरहरु) | २५ |



# पृष्ठभूमि

नेपाल सरकार, लगानी बोर्डले आफ्नो कार्यक्षेत्रभित्रका परियोजनाका सरोकारवालाहरुसँग विभिन्न तहमा अन्तरक्रिया गर्दै आएको छ । कुनै पनि परियोजना सफल रुपमा कार्यान्वयन गर्न, गराउन  सरोकारवालाहरुको सहयोग महत्वपूर्ण हुने भएकोले उनीहरुका चासो, चिन्ता, माग र सुझावहरुलाई सरकार र विकासकर्ताले महत्व दिनु जरुरी हुन्छ । प्रभावित क्षेत्रका बासिन्दाले परियोजनामा अपनत्व महसूस गरुन् र परियोजनाको कार्यान्वयन तथा यससँग सम्बन्धित विभिन्न निर्णय प्रक्रियामा उनीहरुको सहभागिता होस् भन्ने उद्देश्यले यस्ता सार्वजनिक सुनुवाई कार्यक्रमहरु गर्ने अन्तर्राष्ट्रिय मान्यता पनि छ ।

माथिल्लो कर्णाली जलविद्युत आयोजनाको परियोजना विकास सम्झौता (पीडीए) गर्नुअघि परियोजनाका स्थानीय सरोकारवाला, राजनीतिक दल, नागरिक समाज, संचारकर्मी, स्थानीय प्रशासन, सरोकार समूह, विज्ञ, सम्वद्ध सरकारी निकायहरु लगायतसँग बोर्डले विभिन्न चरणमा व्यापक छलफल गरी उनीहरुका सुझाव र मागहरु संकलन गरिसकेपछि मात्र पीडीए गरेको थियो ।

यसै क्रममा लगानी बोर्डको कार्यालयले पीडीएको तयारीमा रहेको अरुण–३ जलविद्युत आयोजनाका स्थानीय सरोकारवालाहरुसँग आयोजनास्थल संखुवासभा जिल्लामा २०७१ कात्तिकको पहिलो साता सदरमुकाम खाँदबारी लगायत आयोजनाबाट प्रभावित चार स्थानमा अन्तरक्रिया कार्यक्रमहरु आयोजना गर्‍यो । कार्यक्रमहरुमा जिल्लाका प्रभावित क्षेत्रका जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, स्थानीय प्रशासन, नागरिक समाज, सरोकार समुह लगायतको उत्साहजनक सहभागिता रह्यो । सदरमुकाम खाँदबारीमा आयोजित अन्तरक्रिया कार्यक्रममा बोर्डका प्रमुख कार्यकारी अधिकृतका अलाबा  जिल्लाका दुबै निर्वाचन क्षेत्रबाट निर्वाचित सभासदहरु समेतको सहभागिता थियो भने अन्य ३ ठाउँका कार्यक्रम बोर्डका उप-सचिव खगेन्द्रप्रसाद रिजालको नेतृत्वमा सम्पन्न भएको थियो । कार्यक्रमको संचालन परामर्शदाता घनश्याम ओझा, सम्पर्क समन्वय परामर्शदाताहरु प्रभाकर घिमिरे, सृजना भट्टराई, गौरव बस्न्यात र निलेशमान श्रेष्ठले संयुक्त रुपमा गर्नुभएको थियो भने श्रव्यदृश्य संयोजन परामर्शदाता गणेश आचार्यले गर्नुभएको थियो ।

## कार्यक्रमको उद्देश्य

- अरुण–३ आयोजनाका सरोकारवालाहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरी आयोजनाबारे उनीहरुको चासो, माग र सुझावहरु संकलन गर्ने,
- लगानी बोर्ड र यसको कार्यक्षेत्रबारे सरोकारवालाहरुलाई जानकारी गराउने,
- अरुण ३ का बारेमा स्थानीयलाई जानकारी गराउने,
- स्थानीयका माग, चासो र सुझावहरुका आधारमा विकासकर्तासँग आयोजना विकास सम्झौता वार्ता गर्ने,
- स्थानीयहरुका मागका सम्बन्धमा सरकार सदैव गम्भिर र जिज्ञासु छ भन्ने सन्देश प्रवाह गर्ने ।

## अन्तरक्रियाका लक्षित सरोकारवालाहरू

- आयोजनाबाट  प्रत्यक्ष प्रभावित बासिन्दा
- स्थानीय जनप्रतिनिधि, राजनीतिक दल, सम्वद्ध सरकारी निकाय र पदाधिकारी
- आयोजना सरोकार समूहहरु
- जिल्लाको प्रतिनिधित्व गर्ने सभासद्हरु
- स्थानीय संचारकर्मी, आदि ।





# कार्यक्रमको विस्तृत विवरण

लगानी बोर्ड वा सरकारी निकायहरुका तर्फबाट अरुण–३ का सरोकारवालाहरुसँग स्थानीय स्तरमा गरेको यो पहिलो सार्वजनिक सुनुवाई हो । कात्तिक २ देखि ५ (अक्टोबर १९ देखि २२) सम्म संखुवासभाका विभिन्न ४ स्थानमा  प्रभावित स्थानीय बासिन्दा तथा राजनीतिक दलका जिल्ला नेतृत्व, स्थानीय प्रशासन, सरोकारवाला निकाय, नगारिक समाज, सरोकार वाला समूहहरु एवं संचारकर्मीहरुसँग व्यापक छलफल गरिएको थियो ।

## क) पहिलो कार्यक्रम (कात्तिक २)

स्थानः फाक्सिन्दा दोभान, ड्याम साईट

नुम गा.वि.स.मा पर्ने यस स्थानमा आयोजना गरिएको छलफल कार्यक्रममा नुम, पाथिभरा तथा पावाखोला गा.वि.स.का प्रभावित स्थानीय वासिन्दाको सहभागिता थियो । लगानी बोर्डका उपसचिव खगेन्द्रप्रसाद रिजालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा संखुवासवा क्षेत्र नं. १ बाट निर्वाचित माननीय सभासद् तारामान गुरुङ, पूर्व सभासद् पूर्णप्रसाद राई र पूर्व जिविस सदस्य सुरेश कुमार राई समेतको सहभागिता थियो । कार्यक्रममा स्थानीय शिक्षक, व्यापारी, समाजसेवी, राजनीतिकर्मी, गाविस सचिवहरु, महिला समूह लगायतले स्थानीय र राष्ट्रिय हितलाई सुरक्षित गर्दै अरुण–३ आयोजना समयमै सम्पन्न हुनुपर्नेमा जोड दिएका थिए ।

*"हाम्रो जग्गा अरु ठाउँमा पनि छ, तर त्यसले खान दिंदैन । यही ठाउँमा आएर बसेका छौं । छोराछोरी पढाउने पैसा पनि यही ठाउँबाट कमाउँछौं । हाम्रा धेरै आफन्तहरु यही इलम गर्छन् । अब हामीलाई के गर्ने ? स्पष्ट हुनुपर्‍यो ।"*

*देवका पराजुली*
*स्थानीय वासिन्दा*



# ख) दोस्रो कार्यक्रम (कात्तिक २ गते)

स्थानः नुम वजार (नुम गाविस)

यस कार्यक्रममा नुम, पावाखोला, पाथिभरा र मकालु गाविसका प्रभावित बासिन्दाको सहभागिता थियो । लगानी बोर्डका उपसचिव खगेन्द्रप्रसाद रिजालको सभापतित्वमा भएको उक्त कार्यक्रममा सभासद् तारामान गुरुङ, पूर्व सभासद् पासाङ शेर्पा, सरोकार समूह प्रतिनिधिहरु, शिक्षक, व्यापारी लगायतको सहभागिता थियो । सरोकारवालाहरुले उक्त अवसरमा आफ्ना मागहरु लगानी बोर्डका उपसचिव रिजालसमक्ष लिखित रुपमा पनि पेश गरेका थिए ।



*"हाम्रो क्षेत्रमा यति ठूलो जलविद्युत आयोजना निर्माण भइरहेको छ । भविष्यमा संखुवासभावासीहरुले टुकी बालेर रात काट्न नपरोस् ।"*

*नुभराज याम्फु राई*
*स्थानीय बासिन्दा*

*"अधिकरण गरिने जग्गा, त्यसबाट प्रभावित सबै स्थानीय बासिन्दाको लागि राम्रो व्यवस्था गरिनुपर्छ ।"*

*जीतबहादुर तामाङ*
*स्थानीय बासिन्दा*





कार्यालयद्वारा आयोजित
रक्रिया कार्यक्रम
जलविद्युत आयोजना)
संखुवासभा



# ग) तेस्रो कार्यक्रम (कात्तिक ३ गते)

स्थान: डाँडागाउँ, दिदिङ गाविस

लगानी बोर्डका उप-सचिव खगेन्द्रप्रसाद रिजालको सभापतित्वमा भएको कार्यक्रममा दिदिङ र याफू गा.वि.स.का सरोकारवालाहरुका अतिरिक्त माननीय सभासद् तारामान गुरुङ, शिक्षक, स्थानीय पूर्व जनप्रतिनिधि, गाविस सचिव, लगायत अन्य प्रभावित वासिन्दाको सक्रिय सहभागिता थियो ।

*"यो मेरो जग्गाबाट बिजुली लाने भयो । मैले बती वाल्न पाए दिने नत्र नदिने । सरकारले मेरो घर उखेल्ने भएको छ । मेरो घर उखेल्छ भने मैले घर छोड्नु पर्‍यो । उखेल्ने हो भने मेरो सास फेर्ने ठाउँ एउटा बनाउनु पर्‍यो ।"*

*ललीमाया*
*स्थानीय वासिन्दा*



# घ) चौथो कार्यक्रम (कात्तिक ४)

स्थानः खाँदवारी (संखुवासभाको सदरमुकाम)

यहाँ आयोजना गरिएको कार्यक्रम अन्य स्थानमा गरिएको भन्दा वृहद् थियो । लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तको सभापतित्वमा भएको उक्त कार्यक्रममा जिल्लाका सभासद्द्वय तारामान गुरुङ (निर्वाचन क्षेत्र नं. १), दीपक खड्का (निर्वाचन क्षेत्र नं.२), जिल्लास्थित सम्पूर्ण राजनीतिक दलका नेता, स्थानीय प्रशासन, नागरिक समाज, अरुण ३ आयोजना सम्बन्धी सरोकार समूहहरु, आदिवासी जनजाति प्रतिनिधिहरु, संचारकर्मी, व्यवसायी एवं विभिन्न सरकारी निकायका प्रतिनिधिहरु लगायतको सक्रिय सहभागिता थियो । कार्यक्रममा सदरमुकाम खाँदबारी लगायत वरपरका क्षेत्र एवं प्रभावित गा.वि.स.बाट समेत आएका सहभागीहरुले आफ्ना सरोकार र मागहरु प्रस्तुत गरेका थिए । सो कार्यक्रमका सहभागीहरुलाई बोर्डको कार्यालयको तर्फबाट उपसचिव खगेन्द्रप्रसाद रिजालले स्वागत गर्नुभएको थियो । सरोकारवालाहरुको तर्फबाट लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तसमक्ष मागपत्र पनि बुझाइएको थियो ।

*"यो आयोजना भारतको वा सतलजको हो भनी राख्नु पर्ने अवस्था म देख्दिन । यो हाम्रो परियोजना हो । हामीले सार्वजनिक निजी साझेदारी अन्तरगत सतलजलाई आयोजना बनाउन दिएका हौं । उसले परियोजना बनाउँछ, २५ वर्ष चलाउँछ र त्यस पछि एकदमै चालु हालतको परियोजना हामीलाई छोडेर जान्छ ।"*



*राधेश पन्त*

*प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्डको कार्यालय*



*"नेपाल र नेपालीका लागि घाटा नहुने गरी अरुण-३ जसरी पनि निर्माण हुनुपर्छ । देश, प्रभावित जिल्ला र प्रभावित वासिन्दाको हित संरक्षण हुने गरी परियोजनाको विकास सम्झौता हुनु पर्छ । त्यसो भएमा अरुण तेस्रोको विरुद्धमा हामी कोही छैनौं ।"*

*तारामान गुरुङ*

*सभासद, संखुवासभा-१*


*"यस आयोजनाले संखुवासभा मात्र होईन देशकै भविष्य बोकेको छ । यसको कार्यान्वयन ३ दशक ढिलो भैसक्यो । अब पनि विभिन्न राजनीतिक एवं जातीय नाममा यस आयोजना तुहिने स्थिति आएमा हाम्रो भविष्य कस्तो होला भन्न सकिंदैन ।"*



*दीपक खड्का*







# ङ) पत्रकार अन्तरक्रिया (कात्तिक ५)

स्थानः खाँदबारी (संखुवासभाको सदरमुकाम)

सार्वजनिक सुनुवाईको कार्यक्रम सकिएपश्चात् बोर्डले स्थानीय पत्रकारहरुसँग अन्तरक्रिया आयोजना गरेको थियो । सार्वजनिक सुनुवाईका अवसरमा सरोकारवालाहरुले उठाएका विषयवस्तु तथा लगानी बोर्डले अरुण–३ को विकासकर्तासँग गर्न लागेको पीडीएबारे लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत पन्तले प्रकाश पार्नुभएको थियो । त्यस्तै सभासद् तारामान गुरुङ, संखुवासभा उद्योग वाणिज्यसंघका अध्यक्ष अनन्त गौली, पत्रकार महासंघ जिल्ला अध्यक्ष ईन्द्र गिरीले उक्त आयोजनाबाट राष्ट्र र प्रभावित बासिन्दालाई बढी भन्दा बढी लाभ पुग्ने तरिकाले आयोजनाको कार्यान्वयन हुनुपर्नेमा जोड दिएका थिए । साथै बोर्डका उपसचिव खगेन्द्रप्रसाद रिजालले यस अघि गरिएका सार्वजनिक सुनुवाईको वारेमा जानकारी दिनुभएको थियो । उक्त अवसरमा संचारकर्मीहरुले आयोजनाबाट देश र स्थानीय प्रभावित वासिन्दालाई पुग्ने आर्थिक लाभ, स्थानीय विकास, रोजगारीका अवसरका बारेमा जिज्ञासा राखेका थिए ।

# सरोकारवालाहरूले उठाएका प्रमुख विषयहरू

१) अरुण–३ आयोजना राष्ट्र तथा प्रभावित वासिन्दालाई अधिकतम लाभ पुग्ने गरी जतिसक्दो छिटो कार्यान्वयन हुनुपर्छ ।

२) प्रभावित बासिन्दाले आयोजनामा निश्चित प्रतिशत (कम्तीमा १० प्रतिशत) शेयर, सम्भव भएसम्म निःशुल्क, पाउनुपर्छ ।

३) आयोजनाले प्रभावित गाविसहरुलाई लक्षित गरि छुट्टै फिडरमार्फत् विद्युत आपूर्ति हुने गरी ग्रामीण विद्युतीकरण गर्नुपर्छ र विद्युत निःशुल्क उपलव्ध गराउनुपर्छ ।

४) प्रभावित वासिन्दालाई आफ्नो सीप र क्षमता अनुसारको रोजगारीको सुनिश्चितता हुनुपर्छ । उनीहरुलाई आवश्यक सीपमूलक तालीम दिएर रोजगारीको अवसर दिनुपर्छ ।

५) आयोजनाले प्रयोग गर्ने सडक बाहेक स्थानीय पूर्वाधारहरु जस्तैः सडक निर्माण, विद्यालय, अस्पताल, पुल लगायतकोलागि आवश्यक सहयोग गर्नुपर्छ ।

६) प्रभावित वासिन्दाको वैज्ञानिक तरिकाले तथ्यांक संकलन गरी यथार्थ विवरण तयार गर्नुपर्छ ।

७) प्रभावित वासिन्दालाई उचित क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापनाको सुनिश्चितता हुनुपर्छ ।

८) हालको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा विभिन्न कमजोरी र कतिपय व्यवस्थाहरु अस्पष्ट देखिएकाले यसलाई परिमार्जित गरी नयाँ रुप दिनुपर्छ ।

९) आयोजना कार्यान्वयन गर्दा अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ.) को धारा १६९ को आधारमा प्रभावित आदिवासी जनजातिको नैसर्गिक अधिकार सुनिश्चित गर्नुपर्छ ।

१०) स्थानीयले उपयोग गर्दै आएको दाहसंस्कारस्थल आयोजनाबाट प्रभावित हुने भए त्यसको वैकल्पिक व्यवस्था गरिनुपर्छ ।

११) स्थानीय वासिन्दाले अरुण नदीलाई परम्परागत आयआर्जनको स्रोत बनाउँदै आएकोमा आयोजना कार्यन्वयनपछि उनीहरुको जीविकामा पर्ने प्रभावलाई मध्यनजर गरी उचित क्षतिपूर्तिको व्यवस्था वा वैकल्पिक रोजगारीको व्यवस्था गरिनुपर्छ ।

१२) स्थानीय सम्पदा, मठ-मन्दिर, धर्म संस्कृति, रीतिरिवाज, परम्पराको अवलम्वन गर्न स्थानीय वासिन्दालाई आयोजनाले अवरोध पुऱ्याउन नहुने सुनिश्चित हुनुपर्छ ।

१३) आयोजनाका कारण स्थानीय वासिन्दाले राम्रो आम्दानीको स्रोत बनाउँदै आएको रुद्राक्ष, अलैंची, चिराइतो जस्ता नगदे वाली लगायत अन्य खेतीपाती प्रभावित हुने भएकोले उनीहरुलाई उचित क्षतिपूर्तिको सुनिश्चितता हुनुपर्छ । हालको क्षतिपूर्तिको व्यवस्थामा उल्लेखित रकम अपर्याप्त भएकोले यसलाई बृद्धि गरिनुपर्छ ।



१४) आयोजना प्रवर्द्धक वा सरकारले आयोजना प्रभावित क्षेत्रमा नकारात्मक वातावरणीय प्रभाव पर्न नदिने सुनिश्चितता गर्नुपर्छ ।

१५) आयोजना निर्माणको क्रममा यस क्षेत्रमा धेरै मानिसहरुको आवत जावत हुने भएकोले विभिन्न सरुवा रोगको सम्भावित संक्रमणवाट जोगिने तथा उपचारको लागि विशेष व्यवस्था गरिनुपर्छ ।

१६) आयोजनाबाट कुनै पनि किसिमको खानेपानी, सिंचाई तथा जलविद्युत आयोजना प्रभावित नहुने सुनिश्चितता समयै गरिनुपर्छ ।

१७) अति प्रभावित बासिन्दाका छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनुपर्छ ।

१८) प्रभावित ६ गाविसमा विशेष कार्यक्रममार्फत् स्थानीय बासिन्दालाई विशेष लाभको योजना अगाडि ल्याइनुपर्छ ।

१९) आयोजनाका कारण स्थानीय वासिन्दाले उपयोग गर्दै आएका पानीका मुहानहरु सुक्ने वा विग्रने अवस्था आएमा त्यसको वैकल्पिक व्यवस्था गरिनुपर्छ ।

२०) आयोजनाले सरकारलाई दिने भनेको २१.९ प्रतिशत निःशुल्क विद्युतमध्ये प्रभावित गाविस वा जिल्लालाई कसरी वितरण गरिने हो भन्ने समयमै स्पष्ट हुनुपर्छ ।

२१) प्रसारण लाइनको स्वामित्व कसको हुने यकिन गरिनुपर्छ र आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोडेर मात्र निर्यात गरिनुपर्छ ।

२२) आयोजनामा काम गर्ने कामदारको बीमाको व्यवस्था हुनुपर्छ ।

२३) सरकारले संखुवासभामा हाल र भविष्यमा खपत हुन सक्ने विद्युतको आँकडा तयार गरी सोही अनुसार विद्युत आपूर्तिको व्यवस्था गरिनुपर्छ ।

२४) आयोजनाले प्रयोग गर्ने बाटोको बारेमा अझै यकिन नभएकोले त्यसको स्पष्ट म्यापिङ हुनुपर्छ ।

२५) आयोजनाबाट प्राप्त नगद आर्थिक लाभको कति अंश संखुवासभाले पाउने अहिले नै सुनिश्चित हुनुपर्छ ।

२६) निर्माण हुने बाँध र सुरङ्गको गुणस्तरमा भएको कमी कमजोरीले ठूलो आर्थिक, भौतिक एवं मानवीय क्षति निम्तिन सक्ने भएकाले यसमा ध्यान पुऱ्याउनु पर्छ ।

२७) विद्यालय निर्माण तथा भौतिक संरचना सुधारका लागि प्रति गाविस छुट्याउने भनिएको रु.२५ लाख अपर्याप्त भएकोले यसको अंश बढाउनुपर्छ । साथै परियोजनाका कारण भत्किने विद्यालयको लागि बनाउनुपर्ने भौतिक संरचनाको लागि आवश्यक सहयोगको व्यवस्था गरिनुपर्छ ।

२८) परियोजनाको प्रसारण लाइन नजिकका बासिन्दालाई स्वास्थ सम्बन्धी समस्या आउने भएमा समाधानको लागि अपनाइने उपायका सम्बन्धमा स्पष्ट पारिनुपर्छ ।





# लगानी बोर्डको कार्यालयबाट सहभागी समूह

१. राधेश पन्त, प्रमुख कार्यकारी अधिकृत
२. खगेन्द्रप्रसाद रिजाल, उप–सचिव
३. घनश्याम ओझा, परामर्शदाता
४. प्रभाकर घिमिरे, परामर्शदाता
५. सृजना भट्टराई, परामर्शदाता
६. गौरव वस्न्यात, परामर्शदाता
७. निलेशमान श्रेष्ठ, परामर्शदाता
८. गणेश आचार्य, परामर्शदाता



# अन्य सहभागीहरू

१. तारामान गुरुङ, सभासद् (संखुवासभा क्षेत्र नं. १)

२. दीपक खड्का , सभासद् (संखुवासभा क्षेत्र नं. २)

३. सुरेन्द्र पन्त, इकोलोजिष्ट, वातावरण मन्त्रालय

# सुझावहरू

१. परियोजनामा स्थानीय अपनत्व स्थापना गर्न परियोजना प्रभावित क्षेत्रका वासिन्दालाई प्राथमिकताका आधारमा निश्चित प्रतिशत शेयरको व्यवस्था हुनुपर्ने ।
२. वातावरणीय प्रभाव मूल्यांकन (ई.आई.ए) मा देखिएका त्रुटीहरुलाई सच्याएर स्थानीयले उठाएका विषयहरुलाई सम्बोधन गर्नुपर्ने ।
३. प्रभावित बासिन्दाका लागि रोजगारी सुनिश्चित गर्न पीडीएमा विशेष व्यवस्था गरिनुपर्ने र उनीहरुले उचित तलब पाउने सुनिश्चिता गरिनुपर्ने ।
४. परियोजनाले सरकारलाई उपलव्ध गराउने भनिएको २१.९ प्रतिशत विद्युतमध्ये संखुवासभाबासी र खासगरी प्रभावित ६ गाविस (दिदिङ, नुम, मकालु, याफू, पावाखोला र पाथिभरा) का बासिन्दाले कति पाउने भन्ने अन्यौल रहेकोले सरकारले सम्वन्धित निकायसँग समन्वय गरेर यसवारे छिट्टै टुंगो लगाउनुपर्ने ।
५. परियोजनाले निर्माण गर्ने मूल सडक कुनलाई मानेर निर्माण तथा स्तरोन्नति गर्ने भन्ने सम्बन्धमा अन्यौल देखिएकोले त्यसको टुंगो छिट्टै लगाइनुपर्ने ।
६. अरुण–३ परियोजना बन्न ढिलाई भएका कारण स्थानीय बासिन्दामा निराशा छाएकाले जतिसक्दो छिटो यस आयोजनाको पीडीएको लागि पहल गरिनुपर्ने ।
७. परियोजनाले खानेपानी, जलविद्युत तथा सिंचाइका अन्य परियोजनामा असर पर्न सक्ने वा नसक्ने बारे सम्बन्धित निकायसँग छलफल गरी चाँडै नै टुंगोमा पुग्नुपर्ने ।





# निष्कर्ष

झण्डै तीन दशक अघिदेखि अरुण–३ आयोजना बारेमा कुरा चल्दै आए पनि अहिलेसम्म परियोजना कार्यान्वयन हुन नसक्दा स्थानीय बासिन्दामा निराशा देखिएकोमा हाल आएर लगानी बोर्ड मार्फत् सरकारले परियोजनाको पीडीएका लागि प्रक्रिया अगाडि बढाएपछि उनीहरुमा आशा र उत्साह जागेको देखियो । लगानी बोर्डको टोलीले झण्डै एक साता सम्म गरेको औपचारिक र अनौपचारिक कुराकानी तथा छलफलमा संखुवासभाबासीले ९०० मेगावाट क्षमताको उक्त परियोजना जतिसक्दो छिटो कार्यान्वयन हुनुपर्नेमा जोड दिए । उनीहरुले परियोजना विकासकर्ता र सरकारसमक्ष अगाडि सारेका प्रायःजसो माग र अपेक्षा अनुचित र पुरा गर्न नसकिने खालका देखिंदैनन् । परियोजनाको विरोधमा जिल्लामा कुनै पनि राजनीतिक दल र समूह देखिएन । यद्यपि परियोजनाको पीडीए गर्दा राष्ट्र तथा स्थानीय बासिन्दाको हितमा गरी अधिकतम लाभ लिन पाउने सुनिश्चितता हुनुपर्नेमा उनीहरुले सरकारलाई सचेत गराएका थिए । विकासको प्रक्रिया शुरु नहुँदै बीचैमा तुहिएको यस आयोजनाको निर्माणमा अझ ढिलाई भएमा स्थानीयवासी तथा राष्ट्र समेतले ठूलो क्षति व्यहोर्नुपर्ने यथार्थलाई राम्ररी वुझेका संखुवासभावासीले अहिले चाँडै यस आयोजनालाई अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् । स्थानीय सरोकारवालाले उठाएका चासो, चिन्ता र मागलाई गम्भीरतापूर्वक लिई त्यसको सम्बोधन गर्न सरकारको तर्फबाट हरसम्भव प्रयास गरिएमा परियोजनाको कार्यान्वयनमा उनीहरुको सहयोग प्राप्त हुनेमा विश्वस्त हुन सकिन्छ ।

# किलक














# किलक











